# उच्च अदालत पाटन
## प्रेस विज्ञप्ति

मितिः २०७७/०५/२६

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/०७ एवं बन्दाबन्दीको आदेश जारी भएपछि यस अदालतको बिभिन्न मितिमा भएको निर्णय बमोजिम काम कारवाही र सेवा प्रवाह हुँदै आएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयले बन्दाबन्दी अन्त्य भएपनि काठमाण्डौ उपत्यकाभित्र र बाहिर समेत संक्रमणको अवस्था बढिरहेको र विभिन्न जिल्ला तथा स्थानीय तहमा निषेधाज्ञा तथा बन्दाबन्दी जारी हुँदा यस अदालतको कामकारवाही र सेवाप्रवाहको सम्बन्धमा २०७७/०५/१७ मा प्रकाशित विज्ञप्ति सबैमा विदितै छ।

उल्लिखित परिप्रेक्ष्यमा मिति २०७७/०५/२५ देखि काठमाण्डौ उपत्यकाभित्रका तिनैवटा जिल्लामा निषेधाज्ञा खुकुलो भएपछिको अवस्थामा यस अदालतबाट प्रवाह गर्न सकिने सेवा सम्बन्धमा आज यस अदालतका माननीय मुख्य न्यायाधीशज्यू, न्यायाधीशज्यूहरु, रजिष्ट्रार, कर्मचारीहरु, उच्च तथा विषेष सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ताहरु एवं उच्च अदालत बार एशोसिएशनका अध्यक्ष समेतका सरोकारवालाहरुसँग छलफल गरी मिति २०७७/०५/२८ देखि अदालतमा कार्यरत जनशक्ति, कानून व्यवसायी, सेवाग्राही समेतको भिडभाड नहुने गरी संक्रमणको जोखिम न्यूनीकरण गर्न निर्धारित स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालन गर्दै देहाय बमोजिमको सेवा प्रवाहको व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः

१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई गर्ने र सबै प्रकारका रिट निवेदन (निषेधाज्ञा समेत) दर्ता गरी अन्तरिम आदेशको छलफल गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ अन्तर्गतका निवेदन दर्ता गर्ने र थुनुवा भएका प्रतिवेदनको सुनुवाई गर्ने।

३. बैकिङ्ग कसूर र राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोग पत्र दर्ता गरी बयान र थुनछेक आदेश गर्ने र ति मुद्दामा जरुरी पक्राउ पूर्जीको समर्थन, पक्राउ अनुमति र म्याद थपको कार्य गर्ने। फरार अभियुक्तको हकमा पि.सि.आर. परीक्षण नेगेटिभ भएको प्रतिवेदन प्राप्त भएको ३ दिनभित्र उपस्थित भए बयान गराई थुनछेक गर्ने।

४. वाणिज्य इजलासबाट सुनुवाई हुने उजुरी पत्र दर्ता, सो उपरको प्रारम्भिक सुनुवाई र अन्तरकालीन आदेश उपरको छलफल गर्ने।

५. नेपाल सरकारका तर्फबाट पर्न आएका पुनरावेदन र थुनामा रहेका व्यक्ति पुनरावेदक भएका मुद्दा सुनुवाई गर्ने।

६. कानूनी प्रक्रिया पूरा गरी मुद्दाका पक्ष वा निजको प्रतिनिधि उपस्थित भएमा सबै प्रकारका पुनरावेदन (देवानी र फौजदारी) दर्ता गर्ने।

७. न्याय सम्पादनको प्रक्रियामा अधिक समय नलाग्ने मिलापत्र, मुद्दा फिर्ता र तामेली लगायतका काम कारवाही गर्ने।

८. मुद्दाका पक्ष वा कानून व्यवसायी तारेख लिन, नक्कल लिन उपस्थित भएमा प्रक्रिया पूरा गरी नक्कल उपलब्ध गराउने।

९. उपत्यकाका तीनवटै जिल्लामा निषेध आदेश जारी भई २०७७/०५/२५ बाट निषेधाज्ञाको आदेश खुकुलो भई जोर विजोर प्रणालीमा सार्वजनिक यातायातका साधन संचालन हुने भएकोले यस अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका काठमाण्डौ उपत्यकाभित्रका सेवाग्राहीहरु २०७७/०५/२५ देखि बाटाका म्याद बाहेक तीस दिनभित्र उपस्थित हुने।

१०. अन्तरजिल्ला (काठमाण्डौ उपत्यकाबाहेक) सार्वजनिक यातायातको साधन तथा अन्तर्राष्ट्रिय हवाई उडान सेवा संचालनमा आएपछि सोही मितिबाट अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीले बाटाका म्यादबाहेक तीस दिनभित्र उपस्थित हुने।

शम्भुप्रसाद रेग्मी
उप-रजिष्ट्रार/प्रवक्ता